# रास्कोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आर.सी.पी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

www.raskotmun.gov.np
Email:ito.raskotmun@gmail.com
☎ : 16608744044


पत्र संख्याः- २०८२।०८३ चलानी नम्बरः- मितिः-२०८३।०१/०७

ने.सं. ११४६

डिजिटल पालिका" परियोजनाका लागि फर्म/कम्पनी सूचिकृत हुने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०१/०७)

यस रास्कोट नगर कार्यपालिकाको कार्यालयलाई प्रविधिमैत्री बनाउने र सेवा प्रवाहलाई छिटो, छरितो तथा पारदर्शी बनाउने उद्देश्यका साथ "डिजिटल पालिका" परियोजना सञ्चालन गर्न लागिएको छ। सो प्रयोजनका लागि आवश्यक पर्ने सफ्टवेयर प्रणाली विकास, मर्मत, प्राविधिक परामर्श सेवा प्रदान गर्न इच्छुक र योग्य फर्म वा कम्पनीहरूलाई सूचिकृत हुन यो सूचना आहान गरिएको छ।

१. सेवाका क्षेत्रहरू (Scope of Work):

- ✓ सफ्टवेयर विकासः एकीकृत सेवा प्रवाह पोर्टल (Integrated Service Portal), अनलाइन सिफारिस प्रणाली, योजना व्यवस्थापन सफ्टवेयर लगायत ।
- ✓ मोबाइल एपः नागरिक बडापत्र, गुनासो व्यवस्थापन र सूचना प्रवाह सहितको मोबाइल एप।
- ✓ डिजिटल प्रोफाइलः पालिकाको वस्तुगत विवरण (Digital Profile) को लागि GIS नक्सा सहितको website तथा तथ्याङ्क व्यवस्थापन।
- ✓ हार्डवर्य

२. योग्यता तथा आवश्यक कागजातहरूः

- ✓ इच्छुक आवेदकले निवेदनको साथमा देहायका कागजातहरूको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछः
- ✓ फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र।
- ✓ स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र।
- ✓ आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाणपत्र (Tax Clearance)।
- ✓ सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको प्रमाण (Company Profile)।
- ✓ कम्पनीमा रहेका मुख्य प्राविधिक जनशक्तिको विवरण (CVs)।

३. पेश गर्ने प्रक्रियाः

- ✓ फारम प्राप्त गर्ने स्थानः यस कार्यालयको सूचना प्रविधि शाखा वा वेबसाइट बाट डाउनलोड गर्न सकिनेछ।
- ✓ पेश गर्ने ठेगानाः यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा प्रशासन शाखामा खामबन्दी निवेदन बुझाउनुपर्नेछ।
- ✓ इमेल मार्फतः आवश्यक कागजातहरू स्क्यान गरी कार्यालयको आधिकारिक इमेल मा समेत पठाउन सकिनेछ।

४. अन्य सर्तहरूः

- ✓ रीतपूर्वक प्राप्त नभएका वा म्याद नाघि आएका आवेदनहरूलाई छनोट प्रक्रियामा समावेश गरिने छैन।
- ✓ यस सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

थप जानकारीका लागिः सूचना प्रविधि शाखा सम्पर्क नं.: ९८६८३०३०००

२०८३/०१/१०

धन बहादुर फडेरा
प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत